लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र अर्घाखाँची

फोन नं. ०७७ ४२०१२६
Email: akcarghakhanchi@gmail.com
Website: www.akcarghakhanchi.com
स्थान: सन्धिखर्क

पत्र सङ्ख्या.: २०८०/०८१
चलानी नं

## ब्लक विकास क्षेत्र निर्धारणका लागि प्रस्ताव आह्वानको सुचना

सुचना क्रम संख्या:२

प्रथम पटक प्रकाशित मिति२०८०/०८/१४

चालू आ.व.२०८०/८१ मा यस कार्यालयद्धारा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको ब्लक विकास कार्यक्रम संचालन गरिने भएकाले अर्घाखाँची जिल्ला भित्रका इच्छुक आवेदकले आवश्यक कागजात सहित ब्लक विकास क्षेत्र निर्धारणका लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०८०/०९/१३ गते) भित्र यस कार्यालयमा परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची ६ अनुसारको ढाँचामा आवेदन र अनुसूची ७ अनुसारको ढाँचामा तथ्याङ विवरण पेश पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१.संचालन गरिने ब्लक विकास कार्यक्रमको विवरण

| संचालन गरिने ब्लक बिकास कार्यक्रमको विवरण संख्या | वाली | क्षेत्रफल मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ (एक) | उन्नत मकै बीउ उत्पादन | १०० हेक्टर (२००० रोपनी) | जिल्लाभरि |

क) आवेदकको किसिम:

१)नियमानुसार दर्ता भएका कृषक समुहहरु/सहकारीहरु, जल/बन उपभोक्ता समितिहरु, कृषि फर्म वा कम्पनीहरु

ख) पेश गर्नुपर्ने कागजातहरु:

१) निवेदन अनुसूची ६ बमोजिमको ढाँचामा

२) तथ्यांक विवरण अनुसूची ७ बमोजिमको ढाँचामा

३)सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणको प्रतिलिपी

४) ब्लक कार्यक्रम माग गर्ने संस्था (हरु) को कार्य समितिको निर्णयको प्रतिलिपी

५) सम्बन्धित स्थानिय तहको सिफारिस

६)अध्यक्ष वा प्रोप्राईटरको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

७) कार्यक्रम संचालन हुने स्थान ( जग्गा जमीन ) को स्वामित्व खुल्ने कागजात वा भाडामा जग्गा भएमा सम्झौता पत्र ( एक बर्षे वाली भएमा कम्तीमा ५ बर्षको र बहुवर्षीय वाली भएमना कम्तीमा २० बर्षको सम्झौता पत्र)

८) बीउ उत्पादनमा कम्तिमा १ बर्ष अनुभब हुनुपर्ने छ ।

.....................

बुद्धिराज घिमिरे

प्रमुख

"समृद्ध प्रदेश, खुशी जनता"

बुद्धिराज घिमिरे
प्रमुख
(अधिकृत स्तर नवौं तह)